☏ ०८६-४२००७७

प्रदेश सरकार
लुम्बिनी प्रदेश
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

# घरेलु तथा साना उद्योग कार्यालय

प्यूठान, नेपाल

प.स. ०७७।०७८
च.नं. ५८८

मिति : २०७७।०७।२५

## परम्परागत सीप र प्रविधिमा आधारित नयाँ उद्यमी तयार गर्ने सम्बन्धी सूचनाः

आ.व. २०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रम संचालनार्थ विनियोजित बजेटको परिधिभित्र रही यस कार्यालय मार्फत् वैदेशिक रोजगारीबाट फर्केका तथा स्वदेशमै उद्यम गर्न चाहने नयाँ उद्यमीलाई लगानी (मेसिन उपकरण) का आधारमा लगानीको ५० प्रतिशत वा पाँच लाख रुपैयामध्ये जुन कम हुन्छ, सो बराबरको रकम अनुदान दिने उद्देश्य सहितको कार्यक्रम संचालन गरिने भएको हुँदा तपसिलको कागजात सहित सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिन भित्र यस कार्यालयमा तोकिएको ढाँचाको प्रस्ताव सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिलः

- चालु आ.व. २०७७/७८ मा दर्ता भएको उद्योग दर्ताको प्रमाणपत्रको प्रतिलिपी,
- स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी,
- नागरिकता प्रमाणपत्रको प्रतिलिपी,
- व्यवसायिक योजना वा प्रस्ताव,
- वैदेशिक रोजगारबाट फर्केको हकमा २ वर्ष ननाघेको कागज,
- यस अगाडि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहका कुनै निकायबाट यस्तो सहुलियत, सुविधा वा अनुदान नलिएको स्वघोषणा पत्र,
- निवेदन दस्तुर बापत रु. १०० जम्मा गरेको रसिद ।

द्रष्टव्यः

- प्रस्ताव र निवेदनको ढाँचा यस कार्यालयले तोकेको ढाँचामा हुनु पर्नेछ।
- मूल्याङ्कन गर्दा कम्तिमा ६० वा सो भन्दा बढी अंक प्राप्त गर्ने उद्योगहरुलाई मात्र छनौटमा समावेश गराईनेछ।
- नियमानुसार उद्योग दर्ता, स्थायी लेखा नम्बर एवम् व्यवसायिक योजना जस्ता कागजपत्र पेश नगर्ने उद्योगलाई मूल्याङ्कनमा समावेश गरिने छैन।
- विगत दुई वर्षभित्र वैदेशिक रोजगारीबाट फर्केका व्यवसायीले सो पुष्टी हुने कागजात पेश गरेको हुनुपर्नेछ।
- म्याद नाघी वा रितपूर्वक ढाँचामा पेश नभएका निवेदन प्रस्ताव स्वत रद्द हुनेछ।
- प्राप्त निवेदन प्रस्ताव जिल्लास्थित मूल्यांकन समितिद्वारा प्रचलित ऐन, नियम एवम् कार्यविधिका आधारमा मूल्यांकन गरिनेछ। थप जानकारीका लागि कार्यालयको फोन नं. ०८६-४२००७७ मा सम्पर्क गर्नुहोला ।

२०७७।७।२५

उद्योग अधिकृत